# लुम्बिनी कोरिडोरका उद्योगहरुको
## स्थानान्तरण संभाव्यता अध्ययनको

## कार्य-क्षेत्रगत शर्त (Terms of Reference)

प्रदेश सरकार

लुम्बिनी प्रदेश

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

मुकामः बुटवल, नेपाल

**१. पृष्ठभूमीः**

विश्व सम्पदा सूचीमा सूचीकृत लुम्विनी क्षेत्र विश्वका बौद्ध धर्मावलम्विहरु तथा अन्य अध्यात्मिक विचार राख्ने मानिसहरुका लागि अति नै पवित्र तिर्थ स्थल हो । यसको पर्यटकीय र धार्मिक महत्व अत्यन्तै ठूलो रहेको छ । यस पवित्र क्षेत्रलाई ध्वनि प्रदुषण, वायु प्रदुषण तथा वातावरणीय प्रदुषणबाट मुक्त गराई सबैलाई शान्ति र सुख प्राप्त स्थलको रुपमा विकास गराउनु पर्ने लुम्विनी प्रदेश सरकारको जिम्मेवारी हो ।

यसै सन्दर्भमा नेपाल सरकार, उद्योग मन्त्रालयउद्योग विभाग औद्योगिक प्रवर्द्धन बोर्डको मिति २०६९।०४।२६ गते बसेको १८४ औ बैठकमा उद्योग विभागका प्रविधि तथा वातावरण शाखाका निर्देशकको संयोजकत्वमा ९ सदस्यिय अध्ययन कार्यदल गठन गरि लुम्विनी–भैरहवा कोरिडोरमा स्थापित उद्योगहरुको स्थापना, क्षमता बृद्धि, उद्देश्य थप लगायत विभिन्न पक्षहरुमा प्राविधिक सामाजिक र वातावरणिय रुपले अध्ययन गरि बुझाएको प्रतिवेदनको आधारमा औद्योगिक प्रवर्द्धन बोर्डकोमिति २०७१।०२।२५मा बसेको १९० औ बैठकमा भएको निर्णयहरुमाः लुम्विनी क्षेत्रको १५ कि मी क्षेत्र भित्र स्थापना भै सकेका उद्योगहरुको स्थानान्तरण तथा प्रदुषण नियन्त्रण सम्वन्धमा प्रदुषण निष्काशन गर्ने उद्योगहरुले वातावरण संरक्षण ऐनले तोकिएको प्रदुषण नियन्त्रण मापदण्ड एवं शर्त पुरा गरी मात्र उद्योग संचालन गर्नु पर्ने र प्रदुषण नियन्त्रणका मापदण्ड एवं शर्त पुरा नगर्ने उद्योग सम्वन्धमा २ वर्ष भित्र उद्योग स्थानान्तर गर्न लगाउने भन्ने निर्णय भएकोले सो को आधारमा हालको मिति सम्म लुम्विनी कोरिडोरमा संचालनमा रहेका उद्योगहरुलाई स्थानान्तरण र दीगो व्यवस्थापन गराउने विधि एवं प्रकृया तयार गर्नको लागि यो संभाव्यता अध्ययनको कार्यक्रम राखिएको हो ।

**२. कार्यक्रमको लक्ष्यः**यो कार्यक्रमको लक्ष्यलुम्विनी कोरिडोरमा स्थापित उद्योगहरुको अन्यत्र स्थानान्तरण र दीगो व्यवस्थापन गरी लुम्विनीक्षेत्रलाई शान्त एवं वातावरणिय हिसावले स्वस्च्छक्षेत्रको रुपमा विकास गर्ने रहेको छ ।

**३. कार्यक्रमको उद्देश्यः** लुम्विनी कोरिडोरमा स्थापित उद्योगहरुको अन्यत्र स्थानान्तरण र दीगो व्यवस्थापन गर्ने विधि एवं प्रकृया तयार गर्ने ।

प्रमुख

प्रदेश सरकार
लुम्बिनी प्रदेश

४. कार्यक्षेत्रपरामर्शदाताले लुम्विनी क्षेत्र, लुम्विनी– भैरहवा कोरिडोरमा स्थापित उद्योगहरुको स्थलगत भ्रमण गरी तथ्यांक संकलन, अध्ययन, विश्लेषण गर्नु पर्नेछ ।

५. परामर्शदाताले सम्पादन गर्नुपर्ने कार्यहरु :-

| सि.नं. | सम्पादन गर्नुपर्ने कार्यहरु | कार्यवोझ (weightage) |
|---|---|---|
| १. | लुम्विनी क्षेत्र, लुम्विनी– भैरहवा कोरिडोरमा हाल स्थापित उद्योगहरुको विवरण तयार गर्ने। | १५ |
| २. | उक्त क्षेत्रमा हाल वातावरणीय मापदण्डका कारणले संचालन कायम राख्न रहने र अनिवार्य स्थानान्तरण गर्नुपर्ने प्रत्येक उद्योगहरुको हालको जग्गा क्षेत्रफल लगायत अन्य भौतिक पूर्वाधार सम्बन्धि विस्तृत विवरण तयार गर्ने । | १५ |
| ३. | स्थानान्तरण वा स्थानान्तरण गर्नुपर्ने उद्योगहरुलाई स्थानान्तरण हुँदा आवश्यक पर्ने जग्गाको क्षेत्रफल सहित अन्य आवश्यक पूर्वाधारहरुको विवरण तयार गर्ने । | १५ |
| ४. | त्यस क्षेत्रका उद्योगीहरुसँग बैकल्पिक व्यवस्थापन सम्बन्धी छलफल गरि व्यवस्थापनको संम्भाव्यता र व्यवस्थापन मोडल विकास गर्ने । | १५ |
| ५. | लुम्विनी विकास कोषसँग छलफल गरि औद्योगिक व्यवस्थापन आवश्यकता र औचित्य सम्बन्धि सुझाव संकलन गर्ने । | १५ |
| ६. | उद्योगहरुको वैकल्पिक व्यवस्थापनमा सरोकारवाला निकायहरुको भूमिका पहिचान गरि समष्टिगत प्रतिवेदन तयार गर्ने । | २५ |

६.कार्य सम्पादन गर्ने विधी (methodology)

६.१ फिल्ड जानु पहिले

- सरकारी निकायहरुबाट भएमा निर्णयहरु तथा अन्य सघंसंस्था वा निकायहरुबाट प्रकाशित तथा अप्रकाशित विभिन्न अभिलेखहरुको अध्ययन तथा विश्लेषण गर्ने ।

- लुम्बिनी क्षेत्र तथा लुम्विनी भैरहवा कोरिडोरमा स्थापना भएको उद्योगसंग लिने जानकारी संकलनको लागि प्रश्नावलि तयार गर्ने ।
- प्रारम्भिक प्रतिवेदन Inception Report तयार गरी मन्त्रालयमा प्रस्तुती गर्ने।

६.२ फिल्डमा गर्नुपर्ने कार्य र विधी

- लुम्बिनी क्षेत्र तथा लुम्विनी भैरहवा कोरिडोरमा स्थापना भएको उद्योगहरुको अभिलेख तयार गर्ने ।
- लुम्बिनी क्षेत्रको १५ कि मी भित्रका तथा लुम्विनी भैरहवा कोरिडोरको सडक खण्डको ८०० मिटर दाँया वाँया स्थापित उद्योगहरुको नक्सा तयार गर्ने ।
- लुम्बिनी क्षेत्र तथा लुम्विनी भैरहवा कोरिडोरमा स्थापना भएको उद्योगहरुसंग अन्तरकृया गरी सूचना, राय एवं सुझाव लिने ।
- लुम्विनी विकास कोषसंग छलफल गरी सुझाव संकलन गर्ने ।

६.३ फिल्ड कार्य पश्चात गर्ने कार्य र विधी

- स्थलगत अध्ययनमा प्रास विवरणका आधार तथा विभिन्न अभिलेखहरुको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्नेछ।
- स्थानान्तरण गर्नु पर्ने उद्योगहरुको नाम, त्यस उद्योगले ओगटेको क्षेत्रफल, उद्योगको प्रकृतीहरुको विवरण तयार गरी भौगोलिक सूचना प्रणाली मार्फत नक्शांकन गर्नु पर्नेछ।
- लुम्बिनी क्षेत्र तथा लुम्विनी भैरहवा कोरिडोरमा स्थापना भएको उद्योगहरुको स्थानान्तरणको प्राथमिकिकरण सहितको सरल एवं सवल विधि एवं प्रकृया र यसको व्यवस्थापनको लागि यथार्थ कार्य योजना तयार गरी पेश गर्नुपर्नेछ।
- प्रतिवेदन नेपाली भाषमा हुनुपर्नेछ र प्रतिवेदनको सारांश नेपाली र अंग्रेजी भाषामा लेख्नुपर्नेछ।
- प्रतिवेदन दश प्रति र Soft Copy समेत पेश गर्नुपर्नेछ ।

७. अनुगमन र सहजीकरण

सेवा प्रदायक संस्थाले मन्त्रालयको नियमित सम्पर्क र समन्वयमा काम गर्नु पर्नेछ। मन्त्रालयले आवश्यक ठानेको अबस्थामा अनुगमन गर्ने, सुझावहरु प्रदान गर्ने सहजीकरण गर्नुपर्ने अबस्थामा सम्बन्धित निकायहरु सँग सहजीकरण गर्न सक्नेछ।

प्रमुख

८. मन्त्रालयले गर्ने सहयोग :

मन्त्रालयलेमातहतका सम्वन्धित कार्यालयहरुसँग समन्वय गरिदिनेछ। यातायातखर्च, वास खर्च लगायत अध्ययनमालाग्ने सम्पूर्ण खर्च परामर्शदाताले नै व्यहोर्नुपर्नेछ ।

९. परामर्श दाताले पेश गर्नुपर्ने प्रतिवेदनहरु र अन्य विषयहरु

९.१ प्रारम्भिक प्रतिवेदन (Inspection report)

- पहिले भएका समान प्रकृतिका अध्ययन र निचोडहरु
- अध्ययनको अन्तिम विधि
- प्रारम्भिक जानकारीहरु
- फिल्डको समय तालिका र समग्र कामको तालिका

९.२ फिल्ड प्रतिवेदन

- संकलन गरिएका तथ्याङ्क
- तयार गरिएका नक्साहरु
- फिल्ड फोटोहरु

९.३ मस्यौदा प्रतिवेदन

कार्यक्रमको उद्देश्य वमोजिम संकलित तथ्याङ्कको विश्लेषण सहित स्थानान्तरण गर्नु पर्ने उद्योगहरुको नाम, त्यस उद्योगले ओगटेको क्षेत्रफल, उद्योगको प्रकृतीहरुको विवरण तयार गरी भौगोलिक सूचना प्रणाली मार्फत नक्शांकन सहित स्थानानन्तरणका विधि, प्रकृया तथा समय तालिका समेटिएको मस्यौदा प्रतिवेदन मन्त्रालयका सुझावको लागी पेश गर्नुपर्नेछ ।

९.४ कार्यशाला गोष्ठी

मन्त्रालयवाट प्राप्त सुझावलाई समेत समेटी तयार भएको अन्तिम मस्यौदा प्रतिवेदनलाई परामर्शदाताले संघ, प्रदेश र स्थानीय तहका सरोकारवालाको उपस्थितीमा कार्यशाला गोष्ठीको आयोजना गरी सुझाव संकलन गर्नुपर्नेछ ।

९.५ अन्तिम प्रतिवेदन

प्रमुख

प्रदेश सरकार
लुम्बिनी प्रदेश
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

मन्त्रालयमा भएको सरोकारवाला सँगको अन्तिम छलफलवाट प्राप्त सुझाव समेत समेटेर अन्तिम प्रतिवेदन तोकिएको मिति भित्रै पेश गर्नुपर्नेछ । प्रतिवेदन पेश गर्दा डिजिटल कपी, दश प्रति Hard copy र सम्झौतामा तोकिएका अन्य विवरणहरु पेश गर्नुपर्नेछ ।

**१०. समय सिमा :**

यस कार्यको लागि कुलचारमहिना समय तोकिएको छ । परामर्शदाताले निम्न समय सिमामा निम्न मुख्य कार्य सम्पादन गर्नुपर्नेछ ।

| सि.नं. | कार्य प्रगती सुचक | समय सिमा |
|---|---|---|
| १ | प्रारम्भिक प्रतिवेदन पेश | संझौता भएको मितिले २० दिन भित्र |
| २ | मस्यौदा प्रतिवेदन पेश | संझौता भएको मितिले ६०दिन भित्र |
| ३ | अन्तिम प्रतिवेदन पेश | संझौता भएको मितिले ७५ दिन भित्र |

**११.मुख्य जनशक्ति, जनशक्तिको योग्यता रउपलब्ध गराउनु पर्ने समय**

परामर्श दाताले कार्य सम्पादनको लागी निम्न जनशक्तिको टिम निम्न समयको लागी उपलब्ध हुने सुनिश्चिता गर्नुपर्नेछ ।

| क्र.सं. | विज्ञता | शैक्षिक योग्यता र कार्य अनुभव | जना | महिना | कार्य विवरण |
|---|---|---|---|---|---|
| १. | औद्योगिक विकास विज्ञ | ईण्डट्री ईन्जिनियरिङ्गमा स्नाकोत्तर उतिर्ण गरी ५ बर्षको कार्य अनुभव | १ | ३ | औद्योगिक क्षेत्रको अध्ययन, स्थानान्तरण गर्नु पर्ने उद्योगहरुको पहिचानर स्थानान्तरणको कार्ययोजना तयार गर्ने |
| २. | वातावरण विज्ञ | वातावरण विषयमास्नाकोत्तर उतिर्ण गरी कम्तीमा ५ बर्षको कार्य अनुभव | १ | ३ | संचालित उद्योगहरुले पारेको वातावरणिय प्रभावको लेखाजोखा र स्थानान्तरणले पार्ने सकारात्मक प्रभावको बिस्तृत विश्लेषण गर्ने |
| ३. | सामाजिक आर्थिक विज्ञ | अर्थशास्त्रमा स्नाकोत्तर उतिर्ण गरीकम्तीमा ५ बर्षको कार्यअनुभव । | १ | ३ | संचालित उद्योगहरुले प्रदान गरेको आर्थिक र सामाजिक अवसरको मूल्याङ्कन, हुन सक्ने प्रभाव र स्थानान्तरण पश्चात संभावित बैकल्पिक अवसरहरुको बिस्तृत विश्लेषण गर्ने |
| ४. | भौगोलिक सूचना प्रणाली विज्ञ | भौगोलिक सूचना प्रणाली स्थलगत नापी सर्वेक्षण वा समेतको विषय लिईस्नाकोत्तर उतिर्ण गरीकम्तीमा ५ | १ | २ | स्थानान्तरण गर्नु पर्ने हरेक उद्योगको स्थलगत नापी सर्वेक्षण गरी बिस्तृत विवरण देखिने GIS Map समेत तयार |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ५ बर्षको कार्यअनुभव । | | | गर्ने |
| ५. | फिल्ड सर्वेक्षक | कुनै पनि विषयमा प्रविणता प्रमाण पत्र तह उतिर्ण गरी कम्तिमा ३ वर्षको फिल्ड सर्वेक्षकको काम गरेको कार्यअनुभव । | २ | ३ | अध्ययनको लागि आवश्यक सूचनाहरु संकलन र पहिलो चरणको विश्लेषण गर्ने |

**नोट-** छिटो र गुणस्तरिय कार्य सम्पादन गर्नको लागी परामर्शदाताले माथिउल्लेखित जनशक्ति बाहेक सोही बमोजिमको योग्यता पुगेका थप जनशक्ती परिचालन गरी कार्य सम्पन्न गर्न सक्नेछ र कार्य संचालन गर्नु पुर्व प्रयोग गरिएको थप जनशक्तिको विवरण र बायोडाटा यस मन्त्रालयमा पेश गर्नु पर्नेछ ।थप जनशक्ति प्रयोग भएको अवस्थामा सम्झौतामा उल्लेख भए बाहेक यस मन्त्रालयबाट थप रकम उपलब्ध गराईने छैन ।

१२. परामर्श दाता संस्था/फर्म/कम्पनीको वान्छनीय योग्यताः

संभाव्यता अध्ययन सम्वन्धि कामको कम्तीमा पाँच वर्षको अनुभव भएको परामर्शदाता हुनुपर्दछ। उक्त कागजातका अतिरिक्त परामर्श दाताले आसय पत्र साथ निम्न कागजात पेश गर्नुपर्नेछ।

- आसय पत्र सम्वन्धी आवेदन
- संस्थाको उद्देश्य र लक्ष्यहरु
- संस्थाको कानूनी दस्तावेज (दर्ता, नवीकरण, भ्याट/प्यान दर्ता, कर चुक्ता)
- विगत ३ वर्षमा भएको कारोवारको विवरण
- कामसँग सम्वन्धित भौतिक संरचना औजार उपकरणहरुको उपलब्धता
- संस्था, कालो सूचीमा नपरेको स्वघोषित पत्र

महाशाखा प्रमुख

१३. सेवा प्रदायकको छनौट प्रकृया :

(क) प्रस्ताव माग गरिने :-

परामर्शदाताहरुलाई पन्ध्र दिनको सूचना दिई प्राविधिक र आर्थिक प्रस्तावनाहरु अलग अलग शिलवन्दी गरी पेश गर्न लगाईने छ । प्राविधिक र आर्थिक प्रस्तावको ढाचाँ अनुसुची (१) र अनुसुची (२) वमोजिम हुनेछ ।

(ख) प्रस्तावको छनौट :-

सि.नं. १३(क) वमोजिम पर्न आएका प्रस्तावनाहरुको सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ मा उल्लेखित प्रावधानहरुको आधारमा रही मूल्याङ्कन गरिने छ ।पहिले प्राविधिक प्रस्ताव मूल्याङ्कन गरेर मात्र आर्थिक प्रस्तावको मूल्याङ्कन गरिनेछ ।प्राविधिक प्रस्तावको मूल्याङ्कन भार ८० % र आर्थिक प्रस्तावको मूल्याङ्कन भार २०% हुनेछ । मूल्याङ्कनमा सवैभन्दा वढी प्राप्त गर्ने प्रस्तावदातालाई यस कार्यका लागी छनौट गरिनेछ ।

१४. कार्यक्रमको लागी वजेट

यस कार्यक्रमको लागी कूल रु पन्ध्र लाख (भ्याट र कन्टिजेन्सी समेत)विनियोजन रहेको छ ।

१५. उपलब्ध गराउनुपर्ने विवरण सामाग्रीहरु

अनुसूची-१

प्राविधिक प्रस्तावको ढाँचा

१. परामर्श दाताको परिचय

(नाम, ठेगाना, सम्पर्क व्यक्ति, ईमेल आदी)

२. परामर्शदाताको अनुभव

३. विस्तृत विधी (methodology)

महाशाखा प्रमुख

४. कार्ययोजना (Action plan)

५. जनशक्ति  र उनीहरुको सहमती पत्र

६. अन्य आवश्यक विषय

## अनुसूची-२

### आर्थिक प्रस्तावको ढाँचा

| क.स. | विवरण | ईकाई | परिमाण | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| | जनशक्ती<br>क<br>ख<br>ग | | | | | |
| | वैठक/अन्तरकृया<br>मसलन्द/सामग्री<br>यातायात<br>रिपोर्ट तयारी<br>विविध | | | | | |
| | जम्मा | | | | | |
| | मु.अ.कर | | | | | |
| | कूल जम्मा | | | | | |

महाशाखा प्रमुख

प्रदेश सरकार
लुम्बिनी प्रदेश
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय